**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ०८ दिसम्बर २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- राष्ट्रिय गीत वन्दे मातरमको १५० औं वर्षगाठमा आज लोकसभामा चर्चा सुरु भयो।
- पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले वन्दे मातरमको १५० औं वार्षिकोत्सवमा लोकसभामा प्रधानमन्त्रीको भाषणप्रति कडा आपत्ति जनाउनु भएको छ।
- सांसद राजु विष्टले प्रधानमन्त्री नरेन्द्र मोदीको मार्गदर्शन, अनि आवास एवम् शहरी मामिला मन्त्री मनोहरलाल खट्टरको नेतृत्वमा केन्द्र सरकारले यस क्षेत्रका विकासगत आवश्यकताहरूप्रति निरन्तर सहायता गर्दै आइरहेको बताउनु भएको छ।
- खरसाङ महकुमा अन्तर्गत सिटोङको माना नजिक हिज अबेर राति भएको वाहन दुर्घटनामा तीनजनाको घटनास्थलमै मृत्यु भएको छ।
- भारत-नेपाल सांस्कृतिक महोत्सवको तेस्रो संस्करण आज लुम्बिनीमा सुरु हुँदैछ।

**लोकसभा – बन्दे मातरम**

राष्ट्रिय गीत वन्दे मातरमको १५० औं वर्षगाठमा आज लोकसभामा चर्चा सुरु भयो। यो १८७५ मा बंकिमचन्द्र चट्टोपाध्यायले लेख्नु भएको थियो। चर्चा शुरू गर्नु हुदै प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नु भयो, वन्दे मातरमको मन्त्रले स्वतन्त्रता आन्दोलनलाई उर्जा दियो, सम्पूर्ण राष्ट्रलाई शक्ति र प्रेरणा दियो। उहाले आज वन्दे मातरमलाई सम्झनु यस सदनका सबै सदस्यहरू र देशवासीहरूका लागि ठूलो सौभाग्य रहेको बताउनु भयो। श्री मोदीले भन्नु भयो, वन्दे मातरमको १५० वर्ष त्यो महान अध्याय र गौरवलाई पुन: स्थापित गर्ने अवसर हो। उहाले राष्ट्रिय गीत वन्दे मातरमले १९४७ मा देशको स्वतन्त्रतामा नेतृत्व गरेको बताउनु भयो। प्रधानमन्त्रीले भन्नु भयो, वन्दे मातरममा मानिसहरूलाई स्वतन्त्रता सेनानीहरूको सपना साकार पार्न प्रेरित गर्ने शक्ति रहेको छ। उहाले भन्नु भयो, वन्दे मातरमको १०० औं वर्षगाठको अवसरमा देशमा आपतकाल लगाइएको थियो। उहाले त्यस समयमा भारतको संविधानको घाँटी मिचेर मारिएको र देशभक्तिको लागि बाँचेका र मरेकाहरूलाई जेलमा राखिएको बताउनु भयो।

BYTE

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नु भयो,वन्दे मातरम् भारत मातालाई उपनिवेशवादको बन्धनबाट मुक्त गर्नको लागि एक पवित्र युद्धको नारा हो, जसमा राजनीतिक स्वतन्त्रताको मन्त्र रहेको छ। उहाले वन्दे मातरमले हजारौं वर्षदेखि भारतमा गहिरो जरा गाडेको विचारलाई पुनर्जीवित गरेको बताउनु भयो। प्रधानमन्त्रीले भन्नु भयो, वन्दे मातरम् ब्रिटिश सरकारद्वारा विभिन्न प्रकारका उत्पीडनहरू विरुद्ध विद्रोहको समयमा रचिएको थियो। उहाले यो राष्ट्रिय गीतको माध्यमबाट बंकिमचन्द्र चट्टोपाध्यायले यस चुनौतीलाई ठूलो शक्ति र दृढ संकल्पका साथ जवाफ दिएको बताउनु भयो। श्री मोदीले भन्नु भयो वन्दे मातरम यो महान सांस्कृतिक परम्पराको आधुनिक अभिव्यक्ति हो। उहाले वन्दे मातरमको जनतासँगको गहिरो सम्बन्धले देशको स्वतन्त्रता आन्दोलनको यात्रालाई प्रतिबिम्बित गर्ने बताउनु भयो। श्री मोदीले वन्दे मातरमले स्वतन्त्रता आन्दोलनलाई बल र दिशा दिएसको बताउनु भयो I उहाले भन्नु भयो, वन्दे मातरमको विरोध गर्ने मुस्लिम लिगको राजनीति १९३७ मा सुरु भएको थियो। श्री मोदीले वन्दे मातरममा सम्झौता गरेकोमा कांग्रेसको आलोचना गर्नु भयो। उहाले आरोप लगाउनु भयो, कि कांग्रेसले राष्ट्रिय गीतको मुद्दामा मुस्लिम लिगको अगाडि आत्मसमर्पण गरेको छ। प्रधानमन्त्रीले भन्नु भयो, मोहम्मद अली जिन्नाहले यसको विरुद्ध नारा लगाएका थिए र

जिन्नाहको निन्दा गर्नुको सट्टा तत्कालीन कांग्रेस अध्यक्ष जवाहरलाल नेहरूले जिन्नाहको विरोधको पाँच दिन पछि वन्दे मातरमको जाच सुरु गरेका थिए।

**मममता ब्यनार्जी- बन्दे मतारम**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले वन्दे मातरमको १५० औं वार्षिकोत्सवमा लोकसभामा प्रधानमन्त्रीको भाषणप्रति कडा आपत्ति जनाउनु भएको छ । मुख्यमन्त्रीले भारतीय जनता पार्टी (भाजपा) ले यस मुद्दालाई अनावश्यक रूपमा राजनीतिकरण गरिरहेको र गुरुदेव रवीन्द्रनाथ ट्यागोरले राष्ट्रिय गीतको लागि रोजेको गीतको भागमा विवाद सिर्जना गरिरहेको आरोप लगाउनु भएको छ । मुख्यमन्त्रीले गुरुदेव आफैंले वन्दे मातरमको उपयुक्त भाग छनोट गरेर राष्ट्रलाई प्रस्तुत गरेको बताउनु भयो, तर भाजपाले यसमा पनि आपत्ति जनाएको बताउनु भयो । उहाले भन्नु भयो, भाजपाले सबै कुरामा आपत्ति जनाउँछ, कहिले गुरुदेवमाथि आक्रमण गर्छ त कहिले नेताजी सुभाषचन्द्र बोसमाथि प्रश्न उठाउँछ।

**बंगाल- स्पेशल रोल अब्जर्वर**

पश्चिम बंगालमा स्पेशल रोल अब्जर्वरको पहिले नियुक्ति पछि, भारतीय निर्वाचन आयोग (ECI) ले अब पाँच नयाँ स्पेशल रोल अब्जर्वरको नियुक्त गरेर अर्को महत्त्वपूर्ण कदम चालेको छ। निर्वाचन आयोगले सबै SIR-सम्बन्धित प्रक्रियाहरूको थप कडा निगरानी प्रदान गर्न पाँच डिभिजनहरू - प्रेसिडेन्सी डिभिजन, मेदिनीपुर, बर्दवान, मालदा र जलपाईगडीमा अधिकारीहरू खटाएको छ। यस नियुक्तिको उद्देश्य मस्यौदा मतदाता सूचीको वितरण, सङ्कलन, डिजिटलाइजेसन र प्रकाशनमा कुनै पनि त्रुटिहरू रोक्नु हो।

**आयोग स्रोतका अनुसार, प्रक्रियामा कुनै पनि तहमा कुनै त्रुटिहरू नभएको सुनिश्चित गर्न यस पटक अनुगमनलाई अझ कडा बनाइएको छ। यी अधिकारीहरूलाई निम्न जिम्मेवारी दिइएको छ: प्रेसिडेन्सी डिभिजन अन्तर्गत कोलकाता, हावडा, उत्तर २४ परगना, दक्षिण २४ परगना, नादियाका लागि रविकान्त सिंह, मेदिनीपुर डिभिजन अन्तर्गत पश्चिम र पूर्वी मेदिनीपुर, झारग्राम, बांकुरा, पुरुलियाका लागि नीरज कुमार बनसुर, बर्दवान डिभिजन अन्तर्गत वीरभूम, पश्चिम र पूर्वी बर्दवान, हुगलीका लागि कृष्ण कुमार निराला, मालदा डिभिजनमा अन्तर्गत मालदा, मुर्शिदाबाद, उत्तर र दक्षिण दिनाजपुरका लागि आलोक तिवारी जलपाईगडी डिभिजन अन्तर्गत दार्जिलिङ, कालेबुङ, जलपाईगडी, अलिपुरद्वारका लागि पंकज यादवलाई नियुक्त गरिएको छ I पहिले, IAS (सेवानिवृत्त) सुब्रत गुप्तालाई पश्चिम बंगालमा SIR को सम्पूर्ण प्रक्रियाको समीक्षा गर्ने जिम्मेवारी दिइएको थियो। उहाले राज्यका विभिन्न क्षेत्रहरूको भ्रमण गर्नु भयो र SIR को कार्यप्रणालीको समीक्षा गर्नु भयो । अब, आयोगले डिभिजन-वार विशेष भूमिका पर्यवेक्षकहरू तैनाथ गरेर जाचलाई अझ बलियो बनाएको छ।**

**मुख्यमन्त्री – श्रधान्जली**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले विश्व प्रसिद्ध नृत्य कलाकार तथा आधुनिक भारतीय नृत्यका पिता मानिने नृत्य निर्देशक उदय शंकरलाई उनको जन्मजयन्तीमा श्रद्धाञ्जली अर्पण गर्नु भएको छ । उहाले आज एक शोसल मिडियामा पोस्ट गर्नु हुदै उनलाई श्रद्धाञ्जली अर्पण गर्नु भयो । आफ्नो सन्देशमा, मुख्यमन्त्री ममता बनर्जीले भारतीय आधुनिक नृत्यलाई विश्वव्यापी मञ्चमा ल्याउन उदय शंकरको भूमिका अतुलनीय रहेको उल्लेख गर्नु भएको छ । सुश्री ब्यनार्जीले उनको कलात्मक विरासतले कलाकारहरूलाई प्रेरणा दिइरहेको र उनको जन्मदिन भारतीय संस्कृतिको लागि गर्वको दिन रहेको बताउनु भएको छ । उदय शंकरको जन्म ८ डिसेम्बर १९०० मा राजस्थानको उदयपुरमा भएको थियो। उहाले भारतीय कला, नृत्य र रंगमञ्चलाई आकार दिने तरिकालाई अझै पनि प्रेरणाको स्रोत मानिन्छ। उनले भारतीय शास्त्रीय, लोक र आदिवासी नृत्य परम्परालाई आधुनिक मञ्च प्रदर्शन प्रविधिहरूसँग जोडे, जसले एक अद्वितीय रूप सिर्जना गरेको र विश्वव्यापी रूपमा भारतीय नृत्यलाई मान्यता दिएको थियो । बीसौं शताब्दीको तेस्रो दशकमा युरोप र अमेरिकामा उनको प्रदर्शनले अन्तर्राष्ट्रिय मञ्चहरूमा भारतीय नृत्य स्थापित गरेको थियो ।

**राजु विष्ट**

दार्जीलिंगका सांसद राजु विष्टले प्रधानमन्त्री नरेन्द्र मोदीको मार्गदर्शन, अनि  आवास एवम् शहरी मामिला मन्त्री मनोहरलाल खट्टरको नेतृत्वमा केन्द्री सरकारले यस क्षेत्रका विकासगत आवश्यकताहरूप्रति निरन्तर सहायता गर्दै आइरहेको बताउनु भएको छ । उहाले आज एक प्रेस विज्ञप्ति जारी गर्नु हुदै अम्रुत 2.0 (अटल मिशन फर रेजुभेनेशन एन्ड अर्बन ट्रान्सफोर्मेशन) अन्तर्गत आवास एवम् शहरी मामिला मन्त्रालयले कालेबुङ नगरपालिकालाई १ सय ९६.९७ करोड़ आवण्टन गरेको बताउनु भयो ।

**यस अन्तर्गत दुई प्रमुख परियोजनाहरू - कालेबुङ नगरपालिकाभित्र १ सय ९६.५७ करोड़ लागतमा जलापूर्ति योजना, र ४० लाख रुपियाको  लागतमा बगैँचाहरूका लागि हरित क्षेत्र विकास योजनालाई मन्जुरी प्रदान गरिएको छ। यी नयाँ परियोजनासँगै पानीको कमी सम्बन्धी चीरकालिक मुद्दाको सम्बोधन हुने अपेक्षा छ। साथै, यसले नागरिक सुविधाहरूमा सुधार गर्नेछन्, अनि एउटा सफा एवम् स्वस्थ कालेबुङको विकासमा योगदान गर्नेछन्। तर, यस महत्त्वपूर्ण समयमा, पहाड़का सबै तीन नगरपालिकाहरू – कालेबुङ, खरसाङ र मिरिकको प्रशासन लोकतान्त्रिक ढङ्गले संचालन नभईरहेको  भन्ने तथ्यमाथि ध्यान दिनु पनि आवश्यक रहेको श्री विष्टले बताउनु भयो छ।  उहाले तीन वर्ष बितिसक्दा पनि यी तीन नगरपालिकाहरू बिना कुनै निर्वाचन राज्य मनोनित व्यक्तिहरूद्वारा सञ्चालित हुनु अत्यन्तै दुर्भाग्यको कुरा रहेको बताउनु भएको  छ ।**

<u>मुख्यमन्त्री – इन्डीगो</u>

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले इन्डिगोको उडान सेवामा निरन्तर अवरोध आएकोमा केन्द्र सरकारप्रति कडा असन्तुष्टि व्यक्त गर्नु भएको छ । आज  कुचबिहार प्रस्थान गर्नु अघि कोलकाता विमानस्थलमा बोल्नु हुदै  उहाले केन्द्र सरकारले कुनै योजना बिना नै FDTL (उडान शुल्क समय सीमा) नामक नीति लागू गरेको बताउनु भयो , जसले गर्दा यात्रुहरूलाई ठूलो असुविधा भएको छ। उहाले  पाइलट र चालक दललाई आराम चाहिने कुरोलाई स्वीकार गर्नु भयो , तर कुनै पनि नयाँ नीति लागू गर्नु अघि उचित योजना आवश्यक रहेको बताउनु भयो । उहा अनुसार, विगत धेरै दिनदेखि यात्रुहरूले असुविधाको सामना गर्नु परेको  र  सरकारको यो  कदम बिना तयारी रहेको बतौअनु भयो । उहाले  केन्द्र सरकारलाई कुनै पनि नीति लागू गर्नु अघि विस्तृत योजना गर्न आग्रह गर्नु हुदै  आवश्यक परेमा विकल्पहरू उपलब्ध छन् भनी सुनिश्चित गर्दै र यात्रुहरूले  त्यसबाट लाभ उठाउन सकून् भनी बताउनु भयो । केन्द्र सरकारमाथि तीव्र प्रहार गर्नु हुदै मुख्यमन्त्रीले  सरकार चुनावसँग मात्र सम्बन्धित रहेको  र सार्वजनिक सुविधालाई बेवास्ता गरेको बताउनु भयो । यसका साथै उहाले  केन्द्र सरकारले यात्रुहरूलाई उनीहरूले भोगेको असुविधाको क्षतिपूर्ति दिनुपर्ने  र आवश्यक परेमा यात्रुहरू अदालत पनि जान सक्ने बताउनु भयो । विगत सात दिनदेखि इन्डिगो उडान सेवाहरू प्रभावित छन्। देशको सबैभन्दा ठूलो एयरलाइन्सले असंख्य उडानहरू रद्द गर्दा लाखौं यात्रुहरूलाई कठिनाइ भएको छ। उड्डयन नियामक DGCA द्वारा लागू गरिएको FDTL नियमहरूको कारणले गर्दा यो अवरोध भएको थियो। यी नियमहरू दुई चरणमा लागू गरिएको थियो, जसमध्ये दोस्रो नोभेम्बरमा लागू भएको थियो।

<u>सिटोङ- दुर्घटना</u>

खरसाङ महकुमा अन्तर्गत सिटोङको माना नजिक हिज  अबेर राति भएको वाहन दुर्घटनामा तीनजनाको घटनास्थलमै मृत्यु भएको छ। मृतकहरू सबै सिटोङ एक सेब्जे–माना क्षेत्रका स्थानीय बासिन्दा रहेको बताइएको छ। मृतकहरूमा सिटोङका पञ्चायत सदस्य साथै स्थानीय दुई जना युवा रहेका छन्। जानकारी अनुसार, वाहनमा सवार चारजनामध्ये चालक जीवित छन्। उनी गम्भीर घाइते अवस्थामा भेटिएका थिए र तत्काल उद्धार गरी अस्पताल पठाइएको पुलिसले जानकारी गराएको छ। दुर्घटना खरसाङबाट सिटोङ फर्कने क्रममा भएको थाहा लागेको छ। पुलिसकर्मीहरू  घटनास्थलमा पुगेर तीनै जनाको  शव  निकालेको र घटनाबारे प्रारम्भिक छानबिन शुरु गरेको जनाइएको छ। यस वाहन दुर्घटनाको खबर फैलिएपछि सिटोङ क्षेत्र शोकको माहोल छाएको छ।

<u>दिलिप घोष</u>

भारतीय जनता पार्टीका वरिष्ठ नेता दिलीप घोषले आज विश्वमा भारतले प्राप्त गरेको सम्मान र प्रतिष्ठा पूर्णतया प्रधानमन्त्री नरेन्द्र मोदीको बलियो र दूरदर्शी नेतृत्वको कारणले हो भनी बताउनु भएको छ । आज पत्रकारहरूसँग कुराकानी गर्नु हुदै श्री  घोषले

भन्नु भयो , "आज अन्तर्राष्ट्रिय मञ्चमा भारत जुन गरिमा र प्रतिष्ठाका साथ उभिएको छ त्यो प्रधानमन्त्री मोदीको नेतृत्वको परिणाम हो। देशको अर्थव्यवस्था प्रगतिको स्थिर बाटोमा छ र विश्व समुदायले भारतको भूमिकालाई नयाँ दृष्टिकोणबाट हेरिरहेको छ।" भारत-रूस सम्बन्धको बारेमा बोल्नु हुदै उहाले भन्नु भयो, दुई देशहरू बीचको मित्रता ऐतिहासिक छ र समयसँगै गहिरो हुँदै गएको छ। श्री घोषले भन्नु भयो , "रूससँगको हाम्रो सम्बन्ध वर्षौं पुरानो हो । उहाले हाल हस्ताक्षर गरिएका विभिन्न सम्झौताहरू दुवै देशका लागि लाभदायक साबित हुनेछन् र पारस्परिक सहयोगलाई नयाँ दिशा दिने बताउनु भयो ।"

**भारत – नेपाल महोत्सव**

भारत-नेपाल सांस्कृतिक महोत्सवको तेस्रो संस्करण आज लुम्बिनीमा सुरु हुँदैछ। यो काठमाडौंस्थित भारतीय दूतावास, भारतीय सांस्कृतिक सम्बन्ध परिषद् (ICCR) र लुम्बिनी बौद्ध विश्वविद्यालयले आयोजना गरेको छ । लुम्बिनी भारत र नेपाल बीचको साझा सभ्यतागत सम्पदाको प्रतीक हो। भारतको लागि, नेपालको लुम्बिनी बुद्धको जन्मस्थल हो र बोधगया, सारनाथ र कुशीनगर लगायत बृहत् बौद्ध परिदृश्यको आध्यात्मिक विस्तार हो। लुम्बिनीमा एक संगोष्ठी पनि आयोजना गरिएको छ। यसको उद्देश्य भारत-नेपाल मित्रताको स्तम्भको रूपमा साझा बौद्ध सम्पदालाई सम्मान गर्नु र जनता-जनताबीचको सम्पर्कलाई प्रवर्द्धन गर्नु हो। लुम्बिनी बौद्ध विश्वविद्यालयका रजिस्ट्रार प्रोफेसर टीका राम आचार्यले यो शैक्षिक संगोष्ठीले दुई देशहरू बीचको प्राचीन र दिगो सांस्कृतिक सम्बन्धलाई बढाउन पुलको रूपमा काम गर्ने बताउनु भयो ।

**सोनादा- आगलागी**

सोनादा पचेङ समष्टिको अप्पर पचेङ नन्द गाउँमा हिज राति लगभग १२ बजेतिर आगलागी हुँदा एउटा घर जलेर खरानी भएको छ। आगलागीमा स्थानीय निवासी हर्कबहादुर गुरुङको दुई तल्ले काठको घर जलेर खरानी भएको छ। आगलागीमा कुनै मानवीय क्षति नभए तापनि पीडित परिवारले आफुहरूले लगाएको लुगाबाहेक केही पनि बचाउन नपाएको र सम्पूर्ण सर सामानहरु र कागजपत्रहरु जलेर नष्ट भएको बताइएको छ । आगलागीको सूचना पाएपाची खरसाङ अग्निशमन केन्द्रबाट दमकल घटनासथालमा पुगेको , तर त्यस समयसम्म घर जलेर खरानी भइसकेको बताईएको छ । पीडित हर्कबहादुर गुरुङ चियाबारीका अवकाशप्राप्त श्रमिक हुन्। आगलागीको घटनापछि लोवर सोनादा ग्राम पञ्चायत दुईका पञ्चायत प्रधान रेखा तामाङ, पञ्चायत सदस्य पुरण राई र सोनादा पुलिस आउट पोस्टबाट पुलिस कर्मीहरु घटनास्थलमा पुगेका थिए ।

**गोवा विस्फोट**

गोवाको एक नाइटक्लबमा ग्यास सिलिन्डर विस्फोटमा बाघडोग्राका २४ वर्षीय युवक सुभाष क्षेत्रीको मृत्यु भएको छ। हिज राति भएको घटनामा २५ जनाको मृत्यु भएको छ। मृतकमध्ये बागडोग्राको बानुरचट क्षेत्रका निवासी सुभाष क्षेत्री पनि छन्। रिपोर्ट अनुसार, सुभाष दुई वर्षअघि शेफको कामका लागि गोवा गएका थिए र नाइटक्लबमा काम गरिरहेका थिए। घटनाको समयमा उनी ड्युटीमा थिए र विस्फोटमा गम्भीर घाइते भएका थिए। उपचारका क्रममा उनको मृत्यु भयो। परिवारले सुभाष परिवारको एकमात्र सहारा भएको बताएको छ। मृतककी बहिनी उर्मिला क्षेत्रीले नाइटक्लब व्यवस्थापनमाथि गम्भीर आरोप लगाएकी छिन्। उनले क्लबमा पर्याप्त अग्नि सुरक्षा प्रणालीको अभाव रहेको कारण गर्दा यति ठूलो क्षति भएको बताइन्। उनले सम्बन्धित प्रशासनलाई लापरवाहीको आरोप पनि लगाएकी छिन्। परिवारले घटनाको निष्पक्ष छानबिन र दोषीमाथि कडा कारबाहीको माग गरेको छ।

****** ० ******